# यूहन्नाको सुसमाचारमा मुख्य विषयवस्तुहरू

# (Themes in the Gospel of John)

## (भित्री कथा सहित)


**लेखक:**

**ई. एडवार्ड जिन्क र थोमस शेफर्ड**

**( E. Edward & Thomas Shepherd)**

**भावानुवादक:**

**भजुराम तखाछैं श्रेष्ठ**



## हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

**सन् २०२४ (बि.सं. २०८१)**

ईन्टरनेट वेबसाईटहरु :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php*

**प्रतिलिपि अधिकार** © जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एडभेन्टिस्ट, २०२४ र नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट।

**सम्पादकः**

क्लिफोर्ड गोल्डस्टाइन, सह सम्पादकः सोराया होमबयोनी, मुद्रण व्यवस्थापकः लिय अलेक्जान्डर ग्रीभ, सम्पादन सहयोगीः शारोन थोमास त्रयुज, पासिफक प्रेसः मिग्वेल भालडिभिया, चित्र र आवरणः लार्स जस्टिनन।

**प्रथम संस्करणः** २०८१ (ई.सं. २०२४)

**कम्प्यूटर लेआउट**

सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५

**bhajupurna@gmail.com**

(आन्तरिक प्रयोगको निम्ति मात्र)

**प्रकाशक**

उमेश कुमार पोखरेल

☎ ९८४३२२८६०६

वितरकः कुबेर लामिछाने, ☎ ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## यूहन्नाको सुसमाचारमा विषयवस्तुहरू

एकदिन म इरानको राजधानी तेहरानको रग पसलमा बसिरहेको थिएँ। त्यहाँ एउटा पर्सियन रगलाई हेर्दै थिएँ। त्यस रगमा पौराणिक जङ्गलको चित्र थियो। त्यो चित्र अत्यन्तै सुन्दर थियो। त्यसमा युरोपको स्विट्जरदलान्डका प्राकृतिक दृश्यहरू थिएः हिमाल पहाडहरू, झर्ना, निलो तलाव, जङ्गल भएका पहाडहरू र भव्य निलो आकाशमा बादलका टुक्राहरू।

त्यस पसलमा त्यस रगलाई विस्तृत रूपमा हेर्न धेरै समय बिताउन सक्थ्योः इन्च इन्चको वर्गमा बुनिएका गाँठोहरू, रगको दामी कपडा, विभिन्न रङ्गहरूका धागोले बुनिएका त्यो रग अत्यन्तै हेर्न लायकको थियो।

कुन कुशल हातले त्यो रग बुनिएको थियो भनेर मानिसले नसोच्ला। जुन प्रविधी र विषयवस्तु अपनाउँदा त्यो रग विशेष गरेर सुन्दरमय बनेको थियो त्यसतिर ध्यान नदिएर रगमा भएको चित्रतिर मात्र आकर्षित हुनु स्वभाविकै हो। त्यस रगको दृश्यमा आकाश प्रतिबिम्ब गरेको तलाव थियो, हिँउले ढाकिएका पहाडहरू थिए र हरियो घाँसले सुन्दर बनाएको हराभरा जङ्गलको दृश्य मनमोहक थियो। त्यस रगमा चित्रण गरेका विषयवस्तुहरूले स्विट्जरलान्डको आल्प पहाडहरूका सौन्दर्यताको शोभा दिएको थियो। यस अध्ययन पुस्तकमा लेखन कलाको अत्यन्तै उत्कृष्ट नमुना लाई हेर्नेछौं। यो कुनै क्यानभास वा कपडामा बुरुश लगाएर कोरेको होइन न त अत्यन्तै दामी, ठिक वा सटिक तथा आकर्षित फोटो फ्रेममा सजिएको वा कुशल र कलात्मक तरिकाले बुनिएको रग जस्तो पनि होइन। तर यो परमेश्वरको वचन हो। यूहन्नाको सुसमाचारमा यो अत्यन्तै कलात्मक रूपमा व्यक्त गरिएको छ।

आ-आफ्नै सन्दर्भ वा परिवेशमा शब्दहरूका अर्थ हुन्छन्। यदि बाइबलले के भन्न खोजेको छ भनेर कसैले बुझ्न चाहेमा त्यो कुन सन्दर्भमा व्यक्त गरिएको हो सो बुझ्नुपर्दछ। तत्कालका वाक्यहरू, कुन अध्यायहरूमा लेखिएका हुन्, कुन भागहरूमा लेखिएका हुन् र पूरा बाइबलले सन्देश दिन खोजेको छ सो आत्मसात गर्नु जरुरी छ। आखिरमा आएर पूरै बाइबल पवित्र आत्माको प्रेरणाबाट आएको हुनाले पढिने अंशले पूरै बाइबलको सन्दर्भमा अध्ययन गर्नुपर्दछ।

यूहन्नाको सुसमाचारलाई बुझाउनु यस अध्यायको आशय हो। चारवटा सुसमाचारका पुस्तकहरूमा यो पुस्तक विशेष र भिन्नै खालको छ। प्रायजसो व्यक्तिगत अन्तर्वार्तामा यो पुस्तकलाई केन्द्रित गरेको पाइन्छ। येशूको र निकोदिमसको बीचमा भएको व्यक्तिगत अन्तर्वार्ता सहित नाथालियल, इनारमा स्त्री, बेथसैदाको तलाउमा भएको पक्षाघाती बिरामी, जन्मैदेखि अन्धो मानिस, लाजरस उनका बहीनीहरू, पिलातस, पत्रुस र थोमासँग येशूको संवाद भएको यस पुस्तकमा लेखिएको छ। धेरै जसो ती कथाहरू केवल यूहन्नाको पुस्तकमा मात्र देखा परेको पाइन्छ।

यूहन्नाको सुसमाचार परमेश्वरको वचन हो। यो प्रेरितबाट परमेश्वरले हाम्रो निम्ति दिनुभएको हो। बाइबलका सबै पुस्तकहरू जस्तै यूहन्नाको पुस्तक पनि परमेश्वरकै इच्छाबाट आएको हो। यो मानिसले ध्यान वा तपस्या गरेर, सोचेर, मनमा खेलाएर, खोजनीति गरेर उब्जेको पुस्तक होइन। अर्थात् यो मानवीय सोच वा कल्पनाबाट आएको पुस्तक होइन। पवित्र आत्माले धेरै निर्णायक विषयवस्तुहरू मानिसको सामु प्रस्तुत गर्न चाहनुभएकोले उहाँले त्यो प्रस्तुत गर्न यूहन्नालाई औजारको रूपमा प्रयोग गर्नुभएको थियो। वचन (लोगोस logos), ज्योति, रोटी, पानी, पवित्र आत्मा, एकता, चिन्ह वा सूचकहरू, गवाही र भविष्यवाणीहरू जस्ता जल्दोबल्दो विषयवस्तुहरू यस पुस्तकमा समावेश भएका छन्। ती विषयवस्तुहरू पारस्परिक रूपमा यस पुस्तकमा सजिएका छन्। सुसमाचारभरि ती विषयवस्तु एक आपस मिलेर उज्यालो भएर चम्केको पाइन्छ।

जब बाइबल अध्ययन गरिन्छ तब बाइबलमा भएको शब्द र सानो अंश वा खण्डको अर्थ थाहा पाउन ध्यान दिइन्छ। शब्दको अर्थ के हो भनेर हामीले बाइबल शब्दकोषमा हामी हेर्नेछौं। हामीले व्याकरणलाई पनि केलाउनेछौं। तुरन्तै कुन सन्दर्भमा व्यक्त गरिएको वा लेखिएको हो त्यो पनि हेर्नेछौं। ऐतिहासिक सन्दर्भलाई पनि हामी कोट्याउनेछौं। जसरी रगको मोल थाहा पाउन त्यसको इन्च इन्चमा भएको धागोको गाँठो कसरी बुनिएको छ, कुन कपडा वा धागोलाई प्रयोग गरिएको छ, कुन रङ्ग प्रयोग गरिएको छ र त्यसलाई कस्तो कपडाले सजिएको छ भनेर विश्लेषण गरेर रग जाँचेको जस्तै यूहन्नाको पुस्तकलाई हामीले केलाएर अध्ययन गर्नेछौं। ती सबै विस्तृत जानकारी महत्त्वपूर्ण छ।

तर विस्तृत चित्रलाई केलाएको बेलामा यस पुस्तकको वृहत चित्रलाई हामी पन्छाउनुहुन्न। स्विट्जरलान्डको रमणीय दृश्यलाई जसरी पर्सियन रगमा उतारिएको छ, त्यसरी नै येशूको सेवाकार्य, जीवन र अनन्त जीवनको स्रोत हुनुभएको येशूको बारेमा यूहन्नाको सुसमाचारमा यूहन्नाले उतारेका छन्। विस्तृत विवरणको आफ्नै भूमिका छ। यसले बृहत चित्रलाई औंल्याउँछ। परमेश्वरको प्रेरणाद्वारा प्रकट हुनुभएको येशू, हाम्रो प्रभु र मुक्तिदातालाई झल्काउने बृहत चित्र यूहन्नाको पुस्तकमा त्यो यूहन्नाले कोरेका छन्।

*एडवार्ड जिन्क, जनरल कन्फरेन्सको बिब्लिकल रिसर्च इन्सटिच्युटको भूतपूर्व अध्यक्ष हुनुहुन्छ। उहाँ चर्चका धेरै क्रियाकलाप र संचालक समितीमा समावेश हुनुभएको साथै एलेन जी. ह्वाइट इस्टेटको उप-प्रमुख र एडभेन्टिस्ट रिभ्यु मिनिस्त्रीको बरिष्ठ सल्लाहकार हुनुहुन्छ। उहाँले सेभेन्थ-डे एडभेन्टिस्टका विभिन्न विश्वविद्यालयबाट मानार्थ शिक्षाविद डक्टरको उपाधीले सजिनु भएको छ। उहाँ अमेरिकाको मेरील्याण्ड राज्यमा बस्नुहुन्छ।*

*थोमस शेफर्ड पिएचडी र पब्लिक हेल्थको शैक्षिक डाक्टर हुनुहुन्छ। उहा आन्ड्र्यु विश्वविद्यालयको सेभेन्थ-डे एडभेन्टिस्ट सेमिनारीमा बरिष्ठ रिसर्च प्रोफेसर हुनुहुन्छ। उहाँले सन २००८देखि अध्यापकको काम गररहनुभएको छ। उहाँ र उहाँकी श्रीमती शेरी शेफर्ड एमडी अफ्रिकाको मलावी र ब्राजिलमा मिशिनेरीहरू भएर सेवा प्रभुको गर्नुभएको थियो। उहाँहरूका दुई हुर्केका छोराछोरीहरू र छ जना नातिनातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. येशूको बारेमा औँल्याउने चिन्ह वा सूचकहरू | १ |
| २. देवत्वका चिन्ह वा सूचकहरू | १७ |
| ३. पृष्ठभूमिः प्रस्तावना | ३४ |
| ४. येशू ख्रीष्ट नै मसिह हुनुहुन्छ भनेर ठम्याउने साक्षीहरू | ५० |
| ५. सामरीहरूका साक्षी | ६४ |
| ६. येशूको बारेमा दिएका अझ बढी साक्षीहरू | ७७ |
| ७. जसले विश्वास गर्छन् तिनीहरू धन्य हुन् | ९२ |
| ८. पुरानो करारका भविष्यवाणीहरू पूरा हुनु | १०६ |
| ९. जीवनको स्रोत | १२१ |
| १०. बाटो, सत्य, र जीवन | १३७ |
| ११. पिता, पुत्र र पवित्र आत्मा | १४९ |
| १२. महिमाको क्षणः क्रूस र पुनरुत्थान | १६७ |
| १३. उपसंहार | १८० |

# अस्थायी पाना

सुझावः त्रैमासिक अध्ययन पुस १२, २०८१ (December 27, 2024) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज १२-१८(September 28-October 4) |
| २ | अध्याय २ | असोज १९-२५(October 5-11) |
| ३ | अध्याय ३ | असोज २६-कार्तिक २(October 12-18) |
| ४ | अध्याय ४ | कार्तिक ३-९(October 19-25) |
| ५ | अध्याय ५ | कार्तिक १०-१६(October 26- November 1) |
| ६ | अध्याय ६ | कार्तिक १७-२३(November 2-8) |
| ७ | अध्याय ७ | कार्तिक २४-३०(November 9-15) |
| ८ | अध्याय ८ | मंसिर १-७(November 16-22) |
| ९ | अध्याय ९ | मंसिर ८-१४ (November 23- 29) |
| १० | अध्याय १० | मंसिर १५-२१(November 30- December 6) |
| ११ | अध्याय ११ | मंसिर २२-२८(December 7-13) |
| १२ | अध्याय १२ | मंसिर २९-पुस ५(December 14-20) |
| १३ | अध्याय १३ | पुस ६-१२(December 21-27) |